DESIGNER WANTED
संख्या : १ जना
तलब : आपसी समझदारीमा
PAL CREATION | 023-590580 | 9852671580

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

यौन दुराचारी जहाँपनि हुन सक्छन् त्यस्ता दुराचारीबाट सजग र सचेत रहौं.
आफु पनि बचौ र अरूलाई पनि बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१३ ।। अङ्क : २४९ ॥ २०७८ मंसिर ०६ गत सोमबार (22nd Nov 2021 Monday) | Pratidin National Daily | dNo-?÷%÷-

झापाको प्रदेश क्षेत्रको अधिवेशनमा सिटौला पक्षको वर्चस्व

पद	क्षेत्र नं.१ क	क्षेत्र नं.१ ख	क्षेत्र नं.२ क	क्षेत्र नं.२ ख	क्षेत्र नं.३ क	क्षेत्र नं.३ ख	क्षेत्र नं.४ क	क्षेत्र नं.४ ख	क्षेत्र नं.५ क	क्षेत्र नं.५ ख
सभापति	हरि बुढाथोकी	सन्तोस न्यौपाने	लक्ष्मी आचार्य	किरण श्रेष्ठ	चिन्तामणि खरेल	तुलसी ओली	बिनोद ढकाल	ख्याम सिटौला	जीवनकुमार राई	रवि केसी न्यौपाने
उपसभापति	रेवादास उप्रेती	मोहनकुमार लिम्बू	तारा प्रसाई	गंगा मैनाली	पूर्णविक्रम भट्टराई	टेक ब. राजवंशी	गोपालचन्द्रसिंह राजवंशी	छत्रप्रसाद पाण्डे	आत्माराम राजवंशी	हरि अधिकारी
उपसभापति	गंगा कोइराला	सोमप्रसाद ढुंगेल	मन्जु ओली	पहलमान बराल	भरत राजवंशी	पहलमान श्रेष्ठ	विष्णुबहादुर सुब्बा	रोहित खवास	पदमकुमार ढुङ्गाना	सुरेन्द्र कटुवाल
सचिब	इन्द्रप्रकाश आङदेम्बे	प्रमोद खतिवडा	गंगा प्र.चुडाल	कृष्ण थापा	दिलबहादुर कार्की	प्रकाश राजवंशी	निरोज दुलाल	वेदनिधि अधिकारी	भिम अधिकारी	देबेन्द्रराज आङ्गदेम्बे,
सचिब	विशाल तामाङ	लक्ष्मी घिमिरे	कुमार प्र. सिटौला	डिल्ली सापकोटा	सागर खड्का	अर्जुन सिटौला	जगतबहादुर ताजपुरिया	डिल्लीराम घोर्साई	हेमचन्द्र घिमिरे	तोयानाथ चापागाईं
सहसचिब	विदु गुरुङ	अनिता राजवंशी	सुबोध ढकाल	गोपाल चौधरी	रुद्र तामाङ	खगेन्द्र सुबेदी	दिवसपति पोखरेल	विष्णु राजवंशी	इन्दिरादेवी विष्ट	सोमनाथ घिमिरे
सहसचिब	दिलकुमारी श्रेष्ठ	रमेश बस्नेत	केशब श्रेष्ठ	रामचन्द्र खतिवडा	धनप्रसाद शिवाकोटी	गंगा उप्रेती	ज्ञानप्रसाद लुइटेल	सुन्दर बेस्रा	रामबहादुर ढुङ्गाना	पुनम बजगाँई संग्रौला

झापा (प्रस) । नेपाली काँग्रेसको चौधौ महाधिवेशनअन्तर्गत एक नं. प्रदेशको नेतृत्व हत्याउने दाउमा रहेको सिटौला पक्षले झापाको प्रदेश क्षेत्रको अधिवेशनमा वर्चस्व कायम गरेको छ । जिल्लाको १० वटा प्रदेश क्षेत्रको शुक्रवार सम्पन्न अधिवेशनमा ७ वटामा आफ्नो पक्षले जित हासिल गरेको सिटौला पक्षले दावी गरेको छ । झापाको क्षेत्र नं १ को 'ख' , क्षेत्र नं ५ को 'क' र 'ख' मा आफ्नो इतरको समूहले जितेको र त्यसबाहेक सबैमा आफ्नो वर्चस्व रहेको सिटौला पक्षको दावी हो । प्रदेश क्षेत्रको अधिवेशनमा क्षेत्र नं १ 'क' मा हरिबहादुर बुढाथोकी,
क्षेत्र नं १ 'ख' मा सन्तोष न्यौपाने,क्षेत्र नं २ 'क' मा लक्ष्मीप्रसाद आचार्य,
क्षेत्र नं २ 'ख' मा किरण श्रेष्ठ, क्षेत्र नं ३ 'क' मा चिन्तामणि खरेल, क्षेत्र नं ३ 'ख' मा तुलसीप्रसाद ओली, क्षेत्र नं ४ 'क'मा विनोद ढकाल, क्षेत्र नं ४ 'ख'मा ख्यामराज सिटौला,क्षेत्र नं ५ 'क' मा जीवनकुमार राई र क्षेत्र नं ५ 'ख' मा रवि केसी सभापति निर्वाचित भएका छन् । जिल्लाका १० वटा प्रदेश क्षेत्रबाट पदाधिकारी र प्रतिनिधि गरी करिव २४० जना चयन भएका छन् । त्यसमध्ये ७० प्रतिशत आफूनिकट रहेको सिटौला पक्षको दावी रहेको छ । प्रदेश क्षेत्रमा निर्वाचितहरुले प्रदेश अधिवेशनमा भाग लिनेछन् । देशका ७ वटा प्रदेशमध्ये प्रदेश एक र बागमती प्रदेशमा सिटौला पक्षलाई छोड्ने सहमति

❖ बाँकी अन्तिम पृष्ठमा

६ जना जुवाडे पक्राउ

बिर्तामोड (प्रस) । झापाको दमक नगरपालिका ४ स्थित रातो भाले सेकुवा कर्नर होटलबाट नगदसहित ६ जना जुवाडेलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा उर्लाबारी नगरपालिका ६ का ६६ बर्षीय विश्वराज पराजुली, झापा बुद्धशान्ति गाउँपालिका ३ का ४५ बर्षीय सोनी तामाङ, होटल संचालक दमक नगरपालिका ४ का ४७ बर्षीय शेरवहादुर कार्की, सोही स्थानका ५३ बर्षीय रेवत बुढाथोकी, ४६ बर्षीय चेतबहादुर कुँवर र दमक नगरपालिका ९ का ४६ बर्षीय रविन श्रेष्ठ रहेका छन् । बिशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले नगद दुई लाख ५६ हजार ३५०, एक बुङ तासहित उनीहरुलाई पक्राउ गरेको हो । जिल्ला अदालत झापाबाट पक्राउ परेकै दिनदेखि लागु हुनेगरी ७ दिन म्याद थप भई अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

सतासीधाम जेसीजको जेसीज सप्ताह

झिलझिले (प्रस) । दलित तथा अल्पसंख्यक समुदायका विद्यार्थीको अभिभावकत्व ग्रहण गर्दै सतासीधाम जेसीजले यो वर्षको जेसीज सप्ताह शुरु गरेको छ ।

शिवसताक्षी नगरपालिका वडा नम्बर ८ का दुईवटा सामुदायिक विद्यालयका ३ जना छात्रछात्राको अभिभावकत्व ग्रहण गर्दै जेसीज सप्ताहको उद्घाटन गरिएको हो । आईतबार विद्यालय हातामै पुगेर सरस्वती प्राथमिक विद्यालयमा अध्ययनरत कक्षा १ का पल्टन मुर्मु र कक्षा ४ की सीता मुर्मुको वर्ष २०२१/०२२को शैक्षिक सत्रको अभिभावकत्व सतासीधाम जेसीजले ग्रहण गरेको हो ।

पाठ्यपुस्तक, कपी, पेन्सिल र उनीहरूका नामबाट विद्यालयमा जम्मा हुने वार्षिक सहयोग शुल्क सतासीधाम जेसीजले भुक्तानी गरेको जेसीजका अध्यक्ष कमल सेन्चुरीले बताए । यस्तै सोही वडाको झिलझिले माध्यमिक विद्यालयका कक्षा ९ मा अध्ययनरत खेमराज भित्रीकोटीको पनि सतासीधाम जेसीजले अभिभावकत्व ग्रहण गरेको छ ।

उनलाई पनि विद्यालय पोशाक, पाठ्यपुस्तक, कपी, बलपेनलगायतका अन्य आवश्यक शैक्षिक सामग्री प्रदान गरेको सतासीधाम जेसीजले जनाएको छ । सरस्वती प्राथमिक विद्यालय परिसरमा आयोजित समारोहका बीच शिवसताक्षी नगरपालिकाका वडा नम्बर ८ का अध्यक्ष केहरसिंह बस्नेत, वर्ष २०२१ का सतासीधाम जेसीजका अध्यक्ष कमल सेन्चुरी, सरस्वती प्राथमिक विद्यालयका प्रधानाध्यापक देवीबहादुर कार्कीलगायतका अतिथिले विद्यार्थीलाई शैक्षिक सामग्री र सम्बन्धित विद्यालयका प्रधानाध्यापकलाई विद्यार्थीबाट भुक्तानी हुने सहयोग शुल्क प्रदान गरेका थिए ।

कार्यक्रममा जेसी निर्मला प्रधानले जेसीज आस्था वाचन, विवेक ढकालले जेसीजको मिशन भिजन र २०२० का अध्यक्ष कुमारसिंह साँवाले जेसीजको सप्ताह औचित्यमाथि प्रकाश पारेका थिए । कार्यक्रममा जेसी दारुमान राईले सतासीधाम जेसीज स्थापना भएयता हालसम्म गरिएका गतिविधिको बारेमा प्रष्ट पारेका थिए ।

झिलझिले माध्यमिक विद्यालयका प्रधानाध्यापक खेमराज निरौला, सरस्वती प्राथमिक विद्यालयका प्रधानाध्यापक देवीबहादुर कार्कीले सतासीधाम जेसीजले गरेको कामको खुलेर प्रशंसा गरेका थिए । कार्यक्रमको संचालन महासचिव अर्जुन भट्टराईले गरेका थिए । सतासीधाम जेसीजले ७ गते नगरको माईधारमा लागूपदार्थ दुर्व्यसनीसम्बन्धी सचेतना, ८ गते धरमपुरमा सडक दुर्घटना न्यूनीकरणसम्बन्धी जनचेतना, ९ गते सतासीधाम जेसीजको कवर्ड हल दुधेमा प्रतियोगितात्मक ब्याडमिन्टन,१० गते शिवसताक्षी नगरपालिका वडा नम्बर ६ को जनआदर्श माध्यमिक विद्यालयमा अन्तर सामुदायिक विद्यालयस्तरीय हाजिरीजवाफ प्रतियोगिता र ११ गते दुधेको सिकाइ केन्द्रमा घर शिक्षासम्बन्धी कार्यक्रम तथा जेसीस सप्ताह समापन कार्यक्रम हुने सतासीधाम जेसीजले जनाएको छ ।

कुलपतिद्वारा झापा नाटकघरलाई भूमिदान

बिर्तामोड (प्रस) । प्रदेश नं.१ कै ऐतिहासिक धरोहरका रुपमा निर्माण भइरहेको बहुजातीय साँस्कृतिक संग्रहालयसहितको झापा नाटकघरमा आयोजित एक कार्यक्रममा प्रमुख अतिथिका रुपमा आएका नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेतीले अभियानको खुलेर प्रशंसा मात्र गरेनन् , आफ्नो तर्फबाट समेत १ धुर जमिन दान गरे । कार्यक्रमको उद्घाटन गर्दै उनले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीकै कार्यकालमा आफूले प्रस्तावना पुर्याएपनि विश्वब्यापी कोरोना संक्रमणका कारण सम्बोधन गराउन नसकेको तर पनि सरकार परिवर्तनले यो सामाजिक अभियानमा कुनै असर नपुग्ने हुँदा प्रज्ञा प्रतिष्ठान र सरकारको तर्फबाट सकेसम्मको सहयोग पुर्याउन लागिपरेको बताए । कार्यक्रममा कुलपतिसँगै एक ब्यक्ति एक इँटादेखि एक धुर जमिन सहयोग समर्पण कार्यबाट सुरु भएको अभियानमा ऐक्यवद्धता जाहेर गर्दै बिर्तामोड -२ निवासी चन्द्रप्रसाद बजगाईबाट १ धुर जमिन बराबरको १ लाख १ हजार , गोरखा टेलरिङ सेन्टरका प्रमुख बिरु दर्नालबाट आधा धुर जमिन बराबरको ५१ हजार रकम प्रदान गरिएको थियो । यसैगरी मेचीनगर निवासी निलकण्ठ तिवारीबाट ११ हजार ,मेचीनगर -६ घर भई हाल अमेरिकाको भर्जेनिया बस्ने प्रसन्न संग्रौलाबाट २५ हजार ७५, बिर्तामोड १ निवासी डम्बरबहादुर बस्नेतबाट ५ हजार १सय , सुफल राजवंशीबाट ५ हजार १ सय , धुब्र प्रसाईबाट ५ हजार १ सय , बिर्तामोड -२ निवासी पण्डित ज्योतिष गंगाप्रसाद खरेलबाट ५ हजार १ सय २०,देबकीदेबी सेडाईबाट २ हजार १सय तथा कलाकार हिमा प्रसाईबाट १ हजार १ सय २० रुपैयाँ नाटकघर निर्माणको लागि प्रदान गरिएको थियो ।

प्रमुख अतिथि तथा बिशिष्ट अतिथिहरुलाई बग्गीमा राखेर नौमती बाजागाजाका साथ झापा नाटकघर परिसर पुर्याइएको थियो ।

बिर्तामोड नगरपालिकाका उपप्रमुख पबित्रा महतारा प्रसाईले कार्यक्रमको अध्यक्षता गर्दै क्षितिज नाट्य समूहलाई नाट्य प्रतिष्ठानको रुपमा परिणत गर्दै आफ्नो जीवनसाथी स्व. ज्ञानुराम प्रसाईले सुरु गरेको यो अभियानलाई सफल बनाउन आफू सदैव लागिपर्ने बताइन् । उनले प्रदेश नं. १ कै ऐतिहासिक धरोहरका रुपमा परिचित संग्रहालयसहितको कला मन्दिर निर्माणमा सबैको साथ, सहयोग र ऐक्यबद्धताको खाँचो रहेको औल्याइन् । कार्यक्रममा सांसद बिमला बि.कले स्टेजमा हुर्किएर आफू पनि यो स्थानसम्म आइपुगेको हुँदा झापा नाटकघरको पूर्णताका लागि लागिरहने बताइन् । उनले क्षितिज नाट्य समूह र यसका अभियन्ता माधब कल्पितको अथक प्रयास र प्रयत्नको उच्च सम्मान गर्दै प्रदेश सरकारबाट कल्पितलाई सम्मान गर्न लागिएको जानकारी दिइन् ।

कार्यक्रममा नगरपालिकाका प्रबक्ता तथा वडा न १ का अध्यक्ष अग्नीप्रसाद पाण्डेले उपस्थित सबैलाई शब्दद्वारा स्वागत गरेका थिए । कार्यक्रमको सञ्चालन नाट्य समूहका केन्द्रीय अध्यक्ष तथा झापा नाटकघर निर्माण कार्यका अभियन्ता माधब कल्पितले गरेका थिए ।

क्षितिज संगीत साधना प्रतिष्ठान,सरगम संगीतालय,पाथिभरा साधना कला केन्द्रका कलाकार हरले संयुक्त रुपमा स्वागत गान प्रस्तुत गरेका थिए भने राष्ट्रिय कलाकार तुलसी पराजुली, सामना सिटौला ,हेरि आर्डि दहालको बेजोड प्रस्तुतीले नाट्य भवन तताएको थियो ।

कलाकार हिमा प्रसाईको नृत्य र गंगाराम प्रसाईको क्यारिकेचर रहेको कार्यक्रममा पूर्वेली नौमति बाजा ब्यबस्थापन समिति चारपानेको प्रस्तुतिले उपस्थित सबै अतिथिहरुलाई नाच्न उत्साह भरेको पाइन्थ्यो ।

कार्यक्रममा वडाध्यक्षहरु अग्नीप्रसाद पाण्डे ,नगेन्द्रप्रसाद संग्रौला, राजेन्द्रप्रसाद लिङ्देन, नेपाल बिश्व हिन्दु महासंघका अभियन्ता ध्रुबप्रसाद शिवाकोटी ,राष्ट्रिय हिन्दु एकता मञ्च नेपालका अध्यक्ष इन्द्रप्रसाद ओली ,बिर्तामोड उद्योग बाणिज्य संघका कार्यवाहक अध्यक्ष राजु न्यौपाने, नेपाल बहुउद्देश्यीय सहकारी संस्थाका प्रतिनिधि डम्बरबहादुर बस्नेत ,साहित्य चौतारी झापाका संरक्षक देबीभक्त श्रेष्ठलगायत दर्जनौ सामाजिक तथा साहित्यिक व्यक्तित्वहरुको उपस्थिति रहेको नाट्य समूहका बरिष्ठ उपाध्यक्ष हरिप्रसाद भण्डारीले जानकारी दिए ।

युएईमा वैदेशिक रोजगारको अवसर
कम्पनी : BERKELEY SERVICES UAE (LLC)
पुर्व स्वीकृति मिति २०७८/०७/१७ LT. No.249689 चलानी नं. ६०१६६८०६

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव AED	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Security Guard	100	0	1200	३८,९४०	कम्पनि अनुसार	८ घण्टा	६ दिन	कम्पनि अनुसार	छ		२ वर्ष
2	Cleaner	300	100	800	२५,९६०							

अन्तरवार्ता
२०७८ मंसिर ०९ गते (25 Nov 2021)
संस्थाको कार्यालय बिर्तामोडमा
(डि. के. रिभर ओभरसिज प्रा.लि)
DK RIVER OVERSEAS (P.) LTD.
Tokha-09, Gangabu, Kathmandu,
झापा सम्पर्क नं. ९८५२६८१६६७, ९८०६०७०५०५,
९८१८५२९३६७, ९८५११३१३४५, ९८५११७८२२५
Govt.Lic. No. 1102/073/074

नेपाल टेलिकमको Copper (landline) लाई Fiber मा प्रतिस्थापन गर्ने बारे सूचना

नेपाल टेलिकम वितामोड र यस अन्तर्गतका कार्यालयहरू काँकरभिट्टा,धुलावारी,भद्रपुर,चन्द्रगढी र सुरुङ्गामा पुरानो *Copper* प्रविधिबाट संचालित टेलिफोनहरू मध्ये Optical फाइबर नेटवर्क विस्तार भएका क्षेत्रका टेलिफोन तथा ईन्टरनेट सेवाहरूलाई द्रुत गतिको अत्याधुनिक FTTH प्रविधिबाट प्रतिस्थापन गर्न लागिएकोले यथाशिघ्र सम्पर्क गर्नु हुनका साथै उक्त कार्यको लागि खटि आउनु हुने कर्मचारीहरूलाई आवश्यक समन्वय गरिदिनु हुन ग्राहक वर्गमा हार्दिक अनुरोध गर्दछौं, यसका साथै ग्राहकहरूको सुबिधालाई ध्यानमा राखी प्रयोग गरेको मितिबाट ६ महिनासम्म प्रतिदिन २०० MB निशुल्क Data, टेलिकम नेटवर्कभित्र १० मिनेट निशुल्क कल सहितको फ्री सिम समेत वितरण भैरहेकोले मौकाको फाइदा उठाउनु हुन हार्दिक अनुरोध छ ।

नेपाल टेलिकम
(नेपाल दूरसञ्चार कम्पनी लि.)
बिर्तामोड कार्यालय, बिर्तामोड-५

भद्रपुर विमानस्थलमा खोटा मुद्रासहित पक्राउ

झापा (प्रस) । अमेरीकी मुद्रा डलरसँग मिल्ने शंकास्पद मुद्रासहित एक भारतीय नागरिक भद्रपुर विमानस्थलबाट पक्राउ परेका छन् । मंसीर २ गते साँझ ५.२० बजे भद्रपुर बिमानस्थलबाट काठमाण्डौ जान लागेको अवस्थामा बिमानस्थलमा रहेको यात्रुहरुको शरीर चेकजाँच गर्ने क्रममा भारत पश्चिम बंगालका दुर्लव रोय चौधरीले बोकेको हाते झोलाभित्र अमेरीकी मुद्रा (डलर) सँग मिल्ने शंकास्पद मुद्रा फेला परेको हो । उनको साथबाट १०० रुपैयाँ डलरको अमेरिकी मुद्राजस्तो देखिने २२६ थान बरामद भएको छ । चौधरीलाई पक्राउ गरी थप अनुसन्धान तथा कारवाहीको लागि बरामद दशीहरुसहित मुद्रासम्बन्धी कसुर अपराधमा ७ दिन म्याद थप गरी अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

स्वास्थ्य कार्यालयको उद्घाटन

भद्रपुर (प्रस) । भद्रपुर १० नम्वर वडा कार्यालयमातहतको आधारभूत स्वास्थ्य केन्द्रको नवनिर्मित भवन उद्घाटन गरिएको छ । ३२ लाख ३ हजार ३६६ रूपैयाँमा निर्मित एकतले भवनको भद्रपुर नगर प्रमुख जीवनकुमार श्रेष्ठले उद्घाटन गरेका हुन् ।

भद्रपुर १० का वडाध्यक्ष टेकबहादुर खड्का काजीको अध्यक्षता तथा भद्रपुर नगरप्रमुख श्रेष्ठको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा भद्रपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत टेककुमार रेग्मी, जग्गादाता लेखनाथ निरौला, भद्रपुर नगर उपप्रमुख चन्द्रमाया श्रेष्ठलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

झापाको ...

भएको बताइएको छ । त्यसो त प्रदेश एकमा अधिवेशन सम्पन्न गराउन नेता कृष्णप्रसाद सिटौलालाई पार्टीले जिम्मेवारी दिएको छ। सिटौला पक्षले पाउने भएपछि प्रदेश एकको सभापति पदका लागि केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटी र जिल्ला सभापति उद्धव थापाको चर्चा छ । थापाले केन्द्रीय सदस्यमा उममेद्वारी घोषणा गरेपनि केन्द्रीय सदस्य नउठेर प्रदेश सभापतिमा उठ्न सक्ने एक जिल्ला नेताले बताए ।यसबाट सिटौला पक्षले झापा जिल्लामा मात्र नभएर प्रदेश एकमै वर्चस्व कायम गर्ने देखिएको छ ।

नारी सञ्चार गृहको अक्षयकोषमा पारुको सहयोग

बिर्तामोड (प्रस) । बैदेशिक रोजगारीका क्रममा मलेसियामा रहेकी पारु लोहारले नारी सञ्चार गृहको अक्षयकोषका लागि सहयोग गरेकी छन् ।

झापाका महिला पत्रकार तथा सञ्चारकर्मीहरुको छाता संगठन नारी सञ्चार गृहले बहुउद्देश्यीय लक्ष्य राखेर स्थापना गरेको नारी सञ्चार प्रोत्साहन अक्षयकोषका लागि उनले सहयोग गरेकी हुन् ।

विदेशी भूमिमा पसिना बगाएर आफूआवद्ध संस्थाले दीर्घकालीन लक्ष्य राखेर स्थापना गरेको अक्षयकोषको लक्ष्य प्राप्तिका लागि भन्दै पठाएको ५ हजार १०५ रुपैयाँ पारुकी आमा हरिमाया लोहारले संस्थाका अध्यक्ष भीमा शिवाकोटी अक्षयकोषका संयोजक रेजिना गौतम, सदस्य शिला उप्रेतीसहितको टोलीलाई हस्तान्तरण गरेकी हुन् ।

सो क्रममा अध्यक्ष शिवाकोटीले संस्थाका लक्ष्य र उद्देश्यबारे जानकारी दिदै पारुको सहयोगी मनप्रति सम्मान व्यक्त गरिन् ।

सञ्चार क्षेत्रमा आवद्ध लोहार विभिन्न पारिवारिक समस्याका कारण झण्डै दुई वर्षअघि पेशा छाडेर बैदेशिक रोजगारीका क्रममा मलेसिया पुगेकी थिइन् ।

जनहितमा जारी सूचना

डेङ्गु रोग माइरसबाट हुने र एडिस एजिप्टाई जातको सङ्क्रमित पोथी लामखुट्टेको टोकाइबाट सर्ने सङ्क्रमण सरुवा रोग हो । यो रोग सार्ने लामखुट्टे बाघको जस्तो बुट्टा भएको हुन्छ । जसले गर्दा यसलाई बाघ लामखुट्टे पनि भनिन्छ । यो लामखुट्टे स-साना सफा पानी जम्ने टीनका डब्बाहरु, रङका खाली डब्बाहरु, थोत्रा फालेका टायरहरु, अलकत्र वा मटितेलका खाली ड्रमहरु, फूलदान, कुलर, पानीका ट्याङ्की आदिमा जमेको सफा पानीमा यसले फूल पार्दछ ।

डेङ्गु रोगका मुख्य लक्षणहरु

- एक्कासी उच्च ज्वरो आउनु
- असाध्यै टाउको दुख्नु
- आँखाको गोडी तथा पछिल्लो भाग दुख्नु
- ढाड, जोर्नी तथा मांसपेशीहरु दुख्नु
- शरीरमा विमिरा आउनु
- रक्तश्राव हुने

एक्कासी उच्च ज्वरो आई माथिका दुई वा दुई भन्दा बढी लक्षण देखा परेको खण्डमा डेङ्गु ज्वरो भएको शङ्का गर्न सकिन्छ । यो रोगका लक्षण देखिएमा नजिकैको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क राख्नु हुन अनुरोध छ ।

डेङ्गुरोग ज्वरोबाट बच्ने उपाय

- डेङ्गु ज्वरोबाट बच्न लामखुट्टेको टोकाईबाट बच्नुको साथै लामखुट्टेको बृद्धि रोक्नु पर्दछ ।
- थोरे र सफा पानी जम्न सक्ने भाडाहरु जस्तै गमला, फूलदान, खालीबट्टा अलकत्रा वा माटितेलका खाली ड्रम, गाडीको काम गलाउने टायर आदिमा पानी जम्न नदिने उपाय गर्नु पर्दछ ।
- पानीका ट्याङ्कीलाई लामखुट्टे प्रवेश गर्न नदिने गरी ढाकेर राख्नु पर्दछ ।
- कुलर र एसी फ्रिजको वेस्ट बक्समा रहेको पानीमा प्रत्येक हप्ता एक वा दुई चम्चा मटितेल हालिदिने साथै जम्मा भएको पानी सफा गर्ने ।
- फूलदानीमा रहेको पानी हप्तामा दुईपटक फेर्नु पर्दछ ।
- यस लामखुट्टेले टोक्ने हुँदा बस्दा पनि प्रायः पुरा बाउला भएको वा शरीरर पुरा ढाक्ने कपडा लगाउनु पर्दछ ।
- सम्भव भएसम्म दिउँसो टोक्ने सुत्दा पनि झुलको प्रयोग गर्नु पर्दछ । साना केटाकेटीलाई जस्तोसुकै समयमा पनि झुलभित्र सुताउनु पर्दछ ।
- लामखुट्टेको टोकाईबाट बच्न लामखुट्टे भगाउने मलमहरु दल्न पनि सकिन्छ ।

बिर्तामोड नगरपालिका
बिर्तामोड नगर कार्यपालिकाको कार्यालय
झापा, प्रदेश नं. १

सात वर्षदेखि फरार प्रतिवादी पक्राउ

झापा (प्रस) । बन पैदावार ओसारपसार मुद्धाका एक फरार प्रतिवादी पक्राउ परेका छन् । पक्राउ पर्नेमा अर्जुनधारा १ बस्ने ३६ वर्षिय रेशबहादुर एक्तेन रहेका छन् ।

भापा जिल्ला अदालतको २०७१ चैत २९ गतेको फैसला बमोजिम बन पैदावार ओसारपसार मुद्धामा उनलाई एक महिना कैद र १ लाख २६ हजार ४०३ रुपैयाँ जरिवाना तोकिएको थियो । हालसम्म फरार रहेका एक्तेनलाई सर्वोच्च अदालत निर्देशनालयद्वारा गठित फैसला कार्यान्वयन झापाबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो । फैसला कार्यान्वयनको लागि झापा जिल्ला अदालत भद्रपुरमा उपस्थित गराई अदालतको आदेशले कारागार पठाइने जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

ब्राउनसुगरसहित दुई युवायुवती पक्राउ

बिर्तामोड (प्रस) । अर्जुनधारा ११ स्थित नयाँ बसपार्कमा लागूऔषधको कारोवार गरिरहेको अबस्थामा दुई युवायुवती पक्राउ परेका छन् ।

शनिवार साँझ बसपार्कस्थित ताप्लेजुङ होटलमा लागूऔषध ब्राउनसुगरको अवैध कारोबार भईरहेको भन्ने गोप्य सूचनाको आधारमा अस्थाई प्रहरी पोष्ट बसपार्कबाट खटिएको प्रहरी टोलीले होटल संचालिका ताप्लेजुङ श्रृजंगा ३ बस्ने २० वर्षिया अनिसा भट्टराई र ईलाम नगरपालिका. ६ बस्ने २८ वर्षिय मनिस राईलाई पक्राउ गरेको हो ।उनीहरुको साथबाट प्लास्टिकमा प्याक गर्दै गरेको अवस्थामा १ ग्राम ब्राउनसुगर फेला पारी ईलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएको छ ।

प्रेस...

सूचनामात्र उपलब्ध गराएर विज्ञापन बोर्डका नाममा सञ्चारमाध्यमलाई आर्थिक भार नथप्न उनीहरुले माग गरेका छन् ।

छलफलमा नेपाल पत्रकार महासंघ झापा शाखाका पूर्व अध्यक्ष तथा नेपाल प्रेस युनियनका निवर्तमान सभापति कृष्ण हुमागाँई, केन्द्रीय प्रतिनिधि रेजिना गौतम, नेपाल पत्रकार महासंघ झापा शाखाकी उपाध्यक्ष सुशिला संग्रौला, नेपाल प्रेस युनियन झापाका सचिव डिल्लीराम घोर्साइँ, उद्योग वाणिज्य संघ विर्तामोडका उपाध्यक्ष सञ्जीव घिमिरे, ग्लोबल टिभीका सञ्चालक शेखर सेडाइँ, प्रेस युनियन झापा सदस्य कमल सिटौलालगायत युनियनमा आवद्ध पत्रकारहरुको उपस्थिति रहेको थियो ।

Reg. No 3/1/7 (652) 069/070

हाम्रो नेपाल | बचत तथा ऋण सहकारी संस्था लि.

हाम्रो नेपाल हाम्रो सहकारी हाम्रो भविष्य

दरभाउ पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/०८/०६

यस हाम्रो नेपाल सहकारी संस्था लि. लाई निम्न बमोजिमका कप्युटर तथा उपकरणहरु आवश्यक परेको हुँदा इच्छुक कम्पनी/फर्मले २०७८/८/१२ गते भित्रमा दरभाउ पेस गर्नहुन यो सूचना प्रकाशन गरिएको छ ।

Q-2078/079-001
Dell Optiplex 3080 i5 10th(Gen) or HP/Acer (i3).....40 Units
- RAM:-8 GB,DDR4,2666 MHz
- Storage:1TB SATA(hdd)

Q-2078/079-002
LENEVO SERVER: ..... 1 unit
- Server: Think System SR650
- intel xeon gold 6326 16c 185w 2.9Ghz Processor : 2
- ThinkSystem RAID 930-8i 2gb flash PCIe 12GB Adapter : 1
- ThinkSystem 64GB TruDDR4 3200 MHz(2Rx4 1.2v) RDIMM : 2
- 2.5" PM1645a 800GB Mainstream SAS 12GB Hot SWAP SSD : 3
- Think System RAID 930-8i 2GB Flash PCIe 12GB Adapter: 1

Q-2078/079-003
LENEVO TAB ..... 100 units
- RAM:-2gb
- Storage:32Gb

Q-2078/079-004
Asus Zenbook 14 (laptop) ..... 1 unit
- SSD:512 gb
- Ram:16gb
- AMD Ryzen 7 4700u processor

Q-2078/079-005
Mikrotik RB 750 Router ..... 10 units

Q-2078/079-006
Laser Printer (HP/Cannon) ..... 20 units

शर्तहरु:

१. दरभाउमा आफूले उपलब्ध गराउन सक्ने सामानको पूर्ण विवरण उल्लेख गर्नुपर्नेछ ।
२. दरभाउ सम्बन्धि बिबरण संस्थाको मुख्य कार्यालय वा hamronepalcoop@gmail.com , itdept.hamronepalcoop@gmail.com मा ईमेल गरि बुझाउन सकिनेछ ।
३. दरभाउमा वारेन्टी, विमा, जडान, भ्याट, सपोर्ट चार्ज तथा डेलिभरी आदि शुल्क उल्लेख गर्नुपर्नेछ ।

-प्रशासन विभाग

Birtamod, Jhapa 023-545355
hamronepalcoop@gmail.com

विवाह गर्न नगरौं हतार, जरूरी छ शिक्षा र संस्कार

- बीस वर्ष पुगेपछि मात्र विवाह गरौं र गराऔं
- उमेर पुग्नुअघिको विवाह सामाजिक र कानुनी अपराध हो ।
- त्यस्तो अपराध गर्नेलार्य जरिवाना र कैद सजाय दुवै हुने कानुनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

"Home Away From Home"
Your BUDGET hotel in BIRTAMODE town.

HOTEL FLORIDA

ROOM TARRIF

A/C Attached King Size Bed	Rs. 1650
A/C Attached Single Single Double Bed	Rs. 1850
A/C Atached Deluxe King Size+Single Bed	Rs. 2750

Free Room Service

- पारिवारिक शान्त वातावरण
- पार्किङ्ग सुविधा
- रेष्टुरेन्ट एण्ड बार
- लोन्ड्री तथा ड्राई क्लिनङ्ग सर्भिस
- मिटिङ्ग हल
- वाईफाई

HOTEL FLORIDA
023-535199
BHADRAPUR ROAD BIRTAMODE
K.D. COLONY

सम्पादकीय

देउवाको दायित्व

नेपाली काँग्रेसका पार्टी सभापति शेरबहादुर देउवा यतिबेला मुलुकको प्रधानमन्त्री छन्। पाँच दलीय गठबन्धनका नेता मात्र नभएर मुलुककै राज्यभार देउवामाथि छ । फरक समय र परिस्थितिमा मुलुकको नेतृत्व समाल्न पुगेका देउवालाई देशको समस्या हल गर्नुका साथै पार्टी संगठनलाई आन्तरिक रुपमा सुदृढ बनाउनुपर्ने दायित्व कांधमा छ । गठबन्धन बनाएर सरकारको नेतृत्वमा आसीन देउवालाई सत्ता र संगठन दुवैलाई सञ्चालन गर्न तथा समय दिन उमेरका कारण भनौं या मुलुकको राजनीतिक अवस्थाका कारण गाह्रो परेको देखिन्छ । सरकारको जिम्मेवारी आफ्नै कांधमा रहेकाले मुलुकका समस्याको निराकरण गर्न सरकार जुटिरहनु परेको छ । यही समयमा पार्टी संगठन सुदृढ गर्न र समयमै महाधिवेशन गर्न देउवालाई ठूलो चुनौती देखिएको छ । यस्तो अवस्थामा वरिष्ठ नेता रामचन्द्र पौडेल, महामन्त्री शशांक कोइरालालगायत पार्टीका अन्य प्रमुख नेतालाई महाधिवेशनको जिम्मा दिएर समयमै महाधिवेशन सम्पन्न गर्न सकिन्छ । यसका लागि अधिकार प्रत्यायोजन अर्थात् अख्तियारी दिएर अगाडि बढ्न सक्नुपर्थ्यो। त्यसो भएको भए महाधिवेशन समयमै सम्पन्न हुन सक्थ्यो। तर, अहिलेकै अवस्थाले समयमा महाधिवेशन सम्पन्न हुने देखिँदैन।

नेपाली कांग्रेसभित्र गैरकांग्रेसी अर्थात् अवसरवादी नेताहरू पनि छन्। जीवनभरि अन्य व्यवसायमा रहेका त्यस्ता व्यक्तिहरूलाई न राजनीति थाहा छ, न त राजनीतिक सिद्धान्त र मर्म नै बुझेका छन्।

एकातिर अहिले सरकार प्रभावकारी ढंगले सञ्चालन हुन सकेको छैन। तीन महिनापछि बल्लतल्ल मन्त्रिमण्डल विस्तार गरेको देउवा नेतृत्वको सरकार अनावश्यक विवादहरूमा रुमलिएको छ। जताततै असन्तुष्टिहरू आइरहेका छन्। संसदबाट नयाँ ऐनकानुनहरू बन्न सकेका छैनन्। सर्वोच्च अदालतको नेतृत्व विवादमा तानिएको छ । अर्थात् अहिले देउवा सरकार सञ्चालनको चरम झमेलामा परेका छन्। पार्टीभित्रको अवस्था पनि उस्तै छ। पार्टी संगठन सुदृढ गर्न र महाधिवेशन सम्पन्न गर्ने तयारीसमेत प्रभावकारी ढंगबाट सञ्चालन हुन सकेको देखिँदैन। एक त उमेरका कारण उनी पहिलाजस्तो सक्रिय हुन सकेका छैनन्। दोस्रो मुलुकको समसामायिक राजनीतिक परिस्थिति र विकसित घटनाक्रमका कारणले पनि उनलाई दुवै जिम्मेवारी एकैसाथ निभाउन असहज देखिएको छ। यस्तोमा पार्टी महाधिवेशनको जिम्मा देउवाले अन्य नेतालाई दिनुपर्ने थियो। तर, यसो भन्दै गर्दा दिनेले नदिएका हुन् या अरु कसैले त्यो भूमिका नमागेका हुन्, त्यसलाई पनि हेर्नुपर्ने हुन्छ।

नारी शक्तिशाली कि पुरुष ?

सीता प्याकुरेल ढुंगेल

समाजमा दिनहुँ अनेक प्रकारका घटनाहरु घटिरहन्छन् । जीवन हो सबैको जीवनमा आरोह अवरोह आइरहन्छ। हरेक परिस्थितिमा प्रकृति माताले परीक्षा लिइरहेकी हुन्छिन् र हरेक मानवको कर्मको हेक्का राखिरहेकी हुन्छिन् । मेरो रुचिको बिषय अनुसन्धान विधि भएको हुँदा म समाजमा भइरहेका घटना र मानवको क्षमताको सुक्ष्म बिधिबाट अवलोकन गरिरहेकी हुन्छु ।हाम्रो समाजमा धेरैको विश्लेषण यो हुन्छ कि नारीभन्दा पुरुष शक्तिशाली हुन्छन् । तर, हामीले सुक्ष्म रुपमा अध्ययन गर्ने हो भने नारी धेरै शक्तिशाली हुन्छन् पुरुषको तुलनामा ।

शारीरिक बनावटका आधारमा पुरुष बलवान् हुन्छन यो प्रकृतिले बनाएको संरचना हो ।पुरुषको शरीर कडा हुन्छ भने नारीको कोमल हुन्छ ।यहाँ आज म शक्तिको बिषयमा विश्लेषण गर्न गइरहेकी छु । बल र शक्ति फरक बिषय हुन् । बल (।यचअभ) भन्नाले डर , धम्की , रवाफले आफ्नो बसमा पार्ने कार्य बल हो ।यो बल प्रायः धेरै पुरुष वर्गमा भेटिन्छ । त्यसैले होला समाजमा नारी कमजोर हुन्छन् अनि पुरुष बलवान् हुन्छन् भनिएको । तर वास्तविकता फरक छ । नारी कमजोर होइन शक्तिशाली हुन्छन् ।यहाँ शक्ति (उयधभच)को मतलब जसले प्रेम प्यारद्वारा आफ्नो बसमा पार्न सक्छ त्यहि हो शक्ति ।त्यहि हो असली तागत ।हामीले सिनेमा हेर्छौं । हरेक सिनेमामा हिरो हिरोईनले आफ्नो शक्तिद्वारा सबैको मन जितेका हुन्छन् । त्यसैले त उनीहरुलाई हिरो हिरोईन भनिन्छ तर, भिलेनले आफ्नो बलद्वारा, आफ्नो घमण्डद्वारा आफ्नो बसमा पारेको हुन्छ । त्यहाँ प्रेम हुँदैन, सद्भाव हुँदैन । आफ्नो शारीरिक बलको तागतमा डर धम्की देखाएर बसमा पार्छन् र अन्त्यमा जब बल सकिन्छ ,त्यो समयमा हिरोको हातबाट अत्याचार , अपराध गर्ने भिलेनको अन्त्य (मृत्यु) हुन्छ र अन्त्यमा हिरो हिरोईनको जीत भई जीवन आनन्दमय बन्छ । यसबाट हामीले के बुझ्नुपर्छ भने क्षमा दिनसक्ने, सहनशीलताकी खानी , आफ्नो मनोभाव ब्यक्त गर्न सक्ने नारी शक्तिशाली हुन्छिन् । कतिपय मदिरापान सेवन गर्ने पुरुष , वेश्यावृतिमा लागेका पुरुषलाई पनि नारीले प्रेमको शक्तिद्वारा बदल्न सक्छिन् , सहि मार्गमा ल्याउन सक्छिन् ।

नारीले आफ्नो जन्मघर त्यागेर एउटा अन्जान पुरुषसंग विवाह गरी उसलाई आफूभन्दा ठूलो सम्झेर भगवान मानेर पुज्न सक्छिन् र आफ्नो पतिको घरपरिवारका विभिन्न स्वभाव भएका हरेक सदस्यको जस्तोसुकै स्वभाव भएपनि स्वीकार गरेर सेवा गरिरहेकी हुन्छिन् ।तपाईं कल्पना गर्न सक्नुहुन्छ कुनै पुरुष विवाह गरेर नारीको घरमा गएर जुन नारीले नित्य (बुहारीको) रुपमा काम गर्न सक्छिन् त्यहि काम पुरुषले गर्न सक्छन् ? विल्कुल सक्दैनन् किनकि हाम्रो परम्परा नि यस्तो बन्यो कि पुरुषको घरमा नारीले बिहे गरेर जानुपर्ने अनि पुरुषलाई आफूभन्दा ठूलो (भगवान) मान्नुपर्ने ।यहाँ कतिपय त यस्ता पनि व्यक्ति भेटिन्छन् शास्त्रको प्रमाण लिएर पुरुष ठूलो हुन् महान हुन् अथवा श्रीमान ठूलो श्रीमती सानो भन्ने भावना जगाइन्छ । के वास्तविक रुपमा यो सत्य हो त? होइन । हेर्नुहोस् शास्त्र पहिलाको समयमा ऋषिमुनिहरुले समाजमा देखिएका कुरीतिहरुलाई निवारण गर्नका लागि रचेका थिए अनि ती सबै ऋषि पुरुष थिए । त्यहि पुरुषद्वारा शास्त्र लेखिएको हुँदा त्यहाँ पुरुष प्रधानता देखाइएको हो । यदि शास्त्र , हाम्रो परम्परा नारीले चलाएकी थिइन् भने नारी प्रधान हुन्थ्यो ।नारीमा कोमलता, सरलता , सहनशीलता , ममता, दया, करुणा जस्ता बिद्यमान गुण देखेर पुरुषले आफ्नो नालायक पनको डर, धम्की, क्रोधद्वारा नारीलाई आफ्नो बसमा पार्दै आए । उनीहरुले नारीको कोमलता , सरलता , सहनशीलतालाई कमजोरी ठाने । वास्तवमा त्यो नारीको शक्ति हो भन्ने कुरा कहिले पुरुष वर्गले बुझेनन् र त नारीलाई सबैले पुजेनन् र अहिले पनि धेरैले बुझ्न बाँकी छ ।यदि हामीले साँच्चिकै मानव इतिहासलाई केलाउने हो भने समाजलाई नियाल्ने हो भने अन्यायी, अत्याचारी , लाचारीपना धेरै पुरुषवर्गमा भेट्ने छौं । जतिसुकै शास्त्र पढेपनि भगवानको महिमा बताए पनि सुन्दर स्त्री देख्दा पुरुषको मनमा काम बास्ना जाग्छ त्यहिकारण त धर्मगुरुहरुको पनि आफ्नो चेलीलाई फकाइफुल्याइ करणी गर्छन् ।तपाईं धर्मका नाममा खोलिएका आश्रममा जानुहुन्छ अनि धर्मको प्रचार गरेर हिड्ने महासचिव जस्तो पद सम्हालेर बसेका व्यक्तिको आन्तरिक जीवन बुझ्न चाहनुहुन्छ भने उनीहरुले पनि आफ्नो कामुकतालाई रोक्न नसकेको कारण ललाइफकाइ करणी गरेका केही उदाहरण भेट्न सुन्न सक्नुहुन्छ ।आफ्नो धर्मको इज्जत जान्छ, बेइज्जत हुन्छ भनेर कतिपय नारीहरु सहन बाध्य छन् ।

अपराधी पुरुषलाई क्षमा दिन बाध्य छन्। के यो जघन्य अपराधलाई क्षमा दिन सक्नु शक्ति होइन र ? यस्तो मामिलामा धेरै नारीले इज्जतको नाममा षड्यन्त्र गर्ने षड् यन्त्रकारीलाई क्षमा दिएका छन । यदि पुरुष शक्तिशाली हुने भए किन गर्छन् आफनै छोरी चेलीलाई करणी ?अनि क्रोधको बलमा हत्या हिंसा जुन नारीले जन्म दिइन्, हुर्काइन् ,बढाइन्, त्यहि नारीको बेइज्जत गर्दै हिड्छन् डर, धाक, धम्की , शास्त्रका प्रमाण देखाएर आफ्नो बसमा पार्ने चेष्टा गर्ने के यो पुरुषको शक्ति हो र? होइन यो त लाचारीपन हो । जुन उमेर हुन्जेल, बल बैंस हुन्जेल रहन्छन् र बुढेसकालमा त्यहि हेला गरिएकी नारीको फेला पर्छन् पुरुष वर्ग ।अर्को उदाहरण पेश गर्न चाहन्छु कुनै नारी बालबच्चा सानो हुँदा मरिन् भने ती बालबच्चालाई सबैले टुहुराटुहुरी भन्छन् । अब कसले गर्छ स्याहार भन्छन् । त्यहि आमाको ठाउँमा ती बालबच्चाको बुवा मरे भने आमा छँदैछिन् हुर्काइहाल्छिन् भन्छन् । आमाबिना बालबच्चा टुहुरा हुन्छन् ,बेसहारा हुन्छन् भनिन्छ र हो पनि।अनि तपाईंले समाजमा यस्तो देख्नु भएको छ आमा छाडेर बुवासँग बस्छु भन्ने बालक ? अँह भेट्न सक्नु हुन्न । किनकि आमाको त्यो बात्सल्यता , करुणा , दया , माया, ममता दिन सक्ने तागत कसैमा पनि हुँदैन । त्यसैले नारी पुरुषको तुलनामा अत्यधिक शक्तिशाली हुन्छिन् भन्न सकिन्छ ।अर्को उदाहरणबाट पनि हामी प्रष्ट हुन सक्छौं । हेर्नुहोस् समाजमा हरेक पुरुष कन्याकेटी, कोहिसँग सहबास नगरेकी केटीलाई विवाह गर्न चाहन्छ । यदि विहेपूर्व कोहिसँग सहवास गरेको थाहा पाएमा हेला गर्छन् पुरुषले तर, नारीको यस्तो विचार हुन्छ

कि विवाहपछि आफ्नो पतिले पहिला जे गरे पनि जोसँग सम्बन्ध गाँसेपनि अहिले मलाई माया गरोस् मेरो भइदियोस् भन्ने हुन्छ तर अधिकांश पुरुषहरु आफ्नो श्रीमती हुँदाहुँदै पनि परस्त्री सुन्दर देखेमा उनीहरु काम वासनाको इच्छा गर्छन्। कमै हुन्छन् परस्त्रीप्रति आशक्ति नहुने । पुरुषले मुखले नभने पनि धेरै पुरुषको मनमा सुन्दर स्त्री देख्नेबितिकै काम वासनाको इच्छा जगाउँछन् । पुरुषको मन सफा हुँदैन , स्वच्छ हुँदैन । उनी कसैकी छोरी हुन्, कसैकी श्रीमती हुन्, कसैकी आमा हुन् , कसैकी दिदीबहिनी हुन् भन्ने भावना कमैमा पुरुषमा मात्र हुन्छ। कतिपय आफूलाई धार्मिक भनी धर्मको मुखुण्डो लगाएर धर्मको प्रचारप्रसार गर्ने, भगवानको महिमा गाउने पुरुषले पनि कामुकतालाई रोक्न नसकेका प्रमाण भेटिन्छन् ।कतिको त बाहिरी समाजमा सूय जस्तै छर्लङ्ग देखिएको छ भने कतिको त जोगाएर छोपेर बसेका छन् । यी समाजमा भएका धेरै कृयाकलापलाई हेर्दा नारी धेरै शक्तिशाली देखिन्छन् । केही अपवादको रुपमा बाध्यताबश गलत काम गर्ने नारी नहुने त होइन तर उनीहरु बाध्य बनेर कहिलेकाही गलत बन्न पुग्छन् ।हेर्नुस् नारीले आफ्नो करुणाको , आफ्नो सरलता र इमानदारीताले गर्दा गलत सोच भएका पुरुषलाई साथ दिन्छन् । जस्तो गल्ती गरेपनि क्षमा दिन्छन् । दान , धर्म , भक्ति, सहनशीलता , क्षमा दिने शक्ति , सरलता यी सबै गुणकी खानी नारी सदैव शक्तिशाली हुन्छिन् । त्यसैले मेरो दृष्टिकोणमा पुरुषको तुलनामा नारी अत्यन्तै शक्तिशाली हुन्छिन् ।यदि कुनै नारी आफ्नो उमेरमा नै बिधुवा भइन् भने पनि छोराछोरी कसरी पाल्ने भन्नेतिर सोच्न थाल्छिन् र कडा परिश्रम गर्नेतिर लाग्छिन् ।

त्यहि समस्या पुरुषमा आयो भने पुरुष श्रीमतीबिनाको जीवन कल्पना गर्न सक्दैनन् । आफ्नो श्रीमतीको मृत्यु भएको एक बर्ष नबित्दै अर्की श्रीमती बिहे गर्न खोज्छन् ।आफू जति उमेरको भएपनि जति सन्तानको बाबु भएपनि कुमारी कलिला केटी बिहे गर्ने चाहना राख्छन् ।पुरुष बर्गको यो लाचारीपनबाट हामी के बुझ्न सक्छौं भने नारीबिना पुरुषको जीवन अन्धकारमय हुन्छ ।घरमा आगो बाल्न मुश्किल पर्छ ।छोराछोरी हुर्किदैनन् पुरुष त केवल पैसा कमाउने र आफू पुरुष भएकोमा ठूलो सम्झी खोक्रो घमण्ड बोकेर हिड्ने प्राणी हो ।

नारीमा जस्तो पुरुषमा हरेक कुरामा क्षमा गर्न सक्ने तागत हुँदैन , दया गर्ने , करुणा देखाउने शक्ति हुँदैन जे काम गर्छन् स्वार्थबस गर्छन् पुरुषवर्ग । त्यसैले हामीले यदि वास्तविकतालाई, सत्यलाई साथ दिन्छौ भने अपनाउँछौ भने नारीलाई कमजोर सम्झने मानसिकतालाई बदलौं । नारी शक्तिशाली हुन्छिन् । हौसला बढाऔं । यो कुरा सबैले आत्मसात गरी एकपटक यो बिषयमा चिन्तन मनन् गरौं । सबैको मंगल होस्

विवाहयोग्य उमेर र कानुन

– प्रकाश अधिकारी

विवाह गर्नका लागि उमेर भन्नेबित्तिकै सामान्यतः केटीको उमेर हदलाई जनाउँछ । शारीरिक र मानसिक परिपक्वता नभई गरिने विवाहले केटा र केटी दुवैलाई असर पार्ने भए तापनि केटाको अनुपातमा केटीलाई बहुआयामिक असर पर्छ । केही देशमा केटी रजोवती हुनु नै विवाह योग्य हुनु हो तर धेरैजसो मुलुकमा परिपक्वताको सर्वसम्मत आधार उमेरलाई मानिएको छ । विकसित भनिने समाजमा विवाहमा केटीको उमेरलाई कम र सहमतिलाई बढी मात्रामा जोड दिने गरिन्छ । हाम्रोजस्तो समाजमा निश्चित उमेर हद पार गरेपछि मात्र विवाह गर्न पाइने कानुनी व्यवस्था छ । नयाँ मुलुकी ऐनमा बाबुआमाको सहमतिले केटीको उमेर १६ र केटाको १८ वर्ष तथा सहमति नभएमा क्रमशः १८ र २१ वर्ष हुनुपर्ने व्यवस्थालाई एघारौं संशोधनद्वारा संशोधन गरी केटाकेटी दुवैको विवाहयोग्य उमेर २० गरिएको थियो, जसलाई प्रचलनमा रहेका देवानी तथा अपराध संहिताहरूले पनि निरन्तरता दिएको छ ।

उमेर हदको ऐतिहासिकता हेर्दा संवत् १९६५ मा संशोधन भई १९९० सम्म कायम रहेको मुलुकी ऐनको व्यवस्थाले तागाधारी गैरजातका ७२ मैन्हा (६ वर्ष) मुनिकी छोरी विवाह गर्न गरिदिन गराउन निषेध गरेको थियो । संवत् १९९० साल माघदेखि १ गतेदेखि तागाधारी गैरजातले विहावारी गर्दा ब्राह्मणमा कन्याको उमेर १० वर्ष लागेपछि वा सोमाथि र क्षत्रीमा १६ वर्ष लागेपछि वा सोभन्दा माथि उमेर हद मुलुकी ऐनले तोकेको थियो । तर वरको उमेर ३० वर्षमाथि ४८ वर्षसम्मको भएमा कन्याको उमेर १२ वर्ष वा सोमाथि र ४८ वर्षभन्दा माथिको वरका लागि २० वर्ष पूरा भएकी कन्या हुनुपर्थ्यो । १८ वर्षको उमेर पूरा नभएको व्यक्ति बालबालिका हुन्छ र त्यसपछिको बालिग । यो व्यवस्था अन्तर्राष्ट्रिय बाल अधिकार महासन्धि आन्तरिकीकरणको हो । यो महासन्धिले पक्ष राष्ट्रलाई वयस्क हुने उमेर योभन्दा पहिला नै गर्न सकिने छुट पनि दिएको छ । १६ वर्ष उमेरको भएपछि नागरिकता दिइन्छ, श्रम कानुनले कम जोखिमपूर्ण काममा श्रमिकको रूपमा १४ वर्षपछि काम गर्न छुट दिएको छ, दुष्कृतिको देवानी दायित्व बहन गर्नुपर्ने उमेर पनि १४ वर्ष नै छ । मतदान गर्न पाउने उमेर १८ वर्ष हो भने १० वर्षको उमेर पूरा गरेपछि आपराधिक मनसाय हुन्छ भन्ने परिकल्पना गरिएको छ । १८ वर्ष पुगेकाहरूलाई आपसी सहमतिमा आफूले इच्छाएको व्यक्तिसँग यौनक्रिया गर्नलाई कानुनले कुनै छेकवार गर्दैन । विवाह गर्नेलाई योग्य उमेर २० वर्ष तोकिएको छ र दुई वर्ष कानुनी शून्यताको अवस्था रहन गएको छ । यो उमेर हद सामाजिक मूल्य-मान्यतासँग तालमेल नमिल्ने, यसले समाजको चाहना, भावना र परम्परालाई समेत प्रतिविम्बित नगर्दा समाजले कानुन बनाउने हो कि कानुनले समाज भन्ने प्रश्न अहिले उठिरहेको छ ।

विवाह जातजाति, धर्म, संस्कृति, परम्परासँग गाँसिएको हुन्छ र धर्ममा, कुलको रीतमा र परम्परामा विश्वास राख्नेहरूले यसलाई संस्कारको रूपमा स्वीकार गर्छन् । यी कुरालाई नमान्नेहरूले यसलाई कानुनले निर्दिष्ट गरेको सर्तमा रही पारिवारिक जीवनको प्रारम्भ गर्ने सम्झौताका रूपमा अपनाउँदै आएका छन् । आधारभूत तहसम्म शिक्षा निःशुल्क र अनिवार्य छ तथापि कृषिप्रधान ग्रामीण भेगमा माध्यमिक तह पुग्दा नपुग्दै किशोर-किशोरीले पढाइ छोड्ने र त्यसपछिको पहिलो विकल्प विदेश या विवाह हुने गरेको छ । यस यथार्थको जगमा उभिएर नेपाली समाजलाई हेर्दा विवाहको प्रचलित उमेर हदले यहाँको आर्थिक, सामाजिक परिवेशलाई समेट्छ कि समेट्दैन भनेर घोत्लिन बेमुनासिव नहोला ।

फौजदारी कानुनप्रति समाजका सबैको सहमति नहुन सक्छ तर बहुसङ्ख्यकको सहमतिमा यो क्रियाशील हुन्छ । जस्तो- गर्भपतन, समलिङ्गी विवाह वा बहुविवाह र छाउपडीजस्ता कार्यलाई अपराध मान्ने व्यवस्था सर्वमान्य हैन । समाजलाई एकताबद्ध र स्थिर राख्न फौज्दारी कानुनले मध्यम नैतिक स्तरलाई आधार गराई बहुमतले अस्वीकारेका कार्यलाई कसुर बनाएको हुन्छ । सामाजिक मूल्य र मान्यताप्रति उपेक्षा नगरी केही कुरामा समाजलाई परिवर्तन गर्ने र केहीमा समाजको आवश्यकता पूर्ति गर्ने व्यवस्थाहरू फौज्दारी कानुनमा समेटिन्छ । समाजले कानुनको पालना गरेर यसलाई वैधता दिइरहेको हुन्छ, जस्तो सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ कानुन भएर पनि समाजले त्यसलाई बैधता दिएको छैन । कानुन समस्या लिएर हैन, समाजमा विद्यमान समस्याहरू समाधान गरी सर्वसाधारणको जीवनमा सदाचार, आर्थिक सुविधा, नैतिकता र सामाजिक सद्भाव कायम गरी विभिन्न धार्मिक तथा सांस्कृतिक समुदायबीचको सुसम्बन्ध कायम गर्न तथा शान्ति कायम गर्न बनाइने गरिन्छ । विवाहका लागि तोकिएको उमेर नपुगी विवाह गर्नेलाई तीन वर्षसम्म कैद र तीस हजार रुपियाँसम्म जरिवाना हुने सजायको व्यवस्था रहेको छ ।

ग्रामीण समाजमा र त्यसमा दलित, सीमान्तकृत जाति जनजातिमा कम उमेरमा विवाह गर्ने आम प्रचलन छ । उमेर हद कानुनका कारण विवाहको सामाजिक चालचलनमा पूर्ण बन्देज नै नलागे पनि व्यवधान अवश्यमेव आएको छ । चेतना र आर्थिक रूपले पिछडिएको समाजमा विवाह स्त्रीका लागि आजीविकाको सबैभन्दा धेरै प्रचलित साधन हो र सामाजिक र आर्थिक हैसियत प्राप्तिको एउटा प्रमुख आधार पनि रहँदै आएको छ । समाजलाई व्यवस्थित गर्ने पहिलो आधार परिवार हो र परिवारलाई व्यवस्थित गर्ने विवाह । मानव अधिकारको दृष्टिकोणमा विवाहका दुवै पक्षको उमेरसमेतका अन्य कुरा समान हुनुपर्ने सिद्धान्त भएर कानुनले पनि सोहीबमोजिम गरेको छ । तथापि पितृसत्तात्मकताको वैवाहिक संस्कृतिले विवाहमा केटाको हात माथि पारेको छ । केटाको सामाजिक, आर्थिक, शैक्षिक हैसियत र उमेर पनि केटीको तुलनामा बढी हुनुपर्छ । बीस वर्षको केटाले बीसै वर्षकी केटीसँग विवाह गर्छ भन्ने निष्कर्ष व्यावहारिक हुँदैन, त्यस्तो गर्नुपर्छ भन्ने कानुनको पालना समाजले गर्दैन, सामाजिक वैधानिकता पाउँदैन ।

विवाहको २० वर्षको उमेर हदले आफ्ना व्यक्तिगत सरोकारको विषयमा २० वर्ष नपुगुञ्जेलसम्म केटा र केटीलाई केही भन्न र गर्नबाट वञ्चित गरेको छ । बाल अधिकार महासन्धिले बालबालिकालाई नै आफ्ना सरोकारका विषयमा राय राख्ने र राखेको रायको मनासिव सुनुवाइ गर्नुपर्ने अधिकार दिएको अवस्थामा बाबुआमालाई वयस्क भइसकेकी छोरीलाई नियन्त्रणमा राख्न र छोरी आफैंले रोजेर विवाह गर्दा वरपक्षलाई सजाय गर्ने साधन उमेर हदसम्बन्धी कानुन भएको छ । विशेष गरी कथित माथिल्लो जातको केटीले कथित तल्लो जातको केटासित प्रेम विवाह गरेको अवस्थामा केटीका अभिभावकले यो कानुन प्रयोग गर्ने गर्छन् । बालविवाह सम्बन्धी जति पनि उजुरी पर्छन्, ती सबै छोरीले आफ्नै बन्दोबस्तीमा गरेको विवाह बाबुआमाले मन नपराउँदाको परिणाम देखिएका छन् । नेपाल प्रहरीको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७५/७६ मा ८६ वटा बाल विवाहको उजुरी दर्ता भएका थिए । वर्ष २०७६/७७ मा उक्त संख्या घटेर ६४ वटा पुग्यो । त्यस्तै, २०७७/७८ मा ८४ वटा बालविवाह भएको तथ्याङ्क छ । कतिपय अवस्थामा उमेर नपुगेकी छोरीले भागी विवाह गर्दा बाबुआमाले केटापक्षलाई जबर्जस्ती करणी, अपहरण र शरीरबन्धक जस्ता मुद्दा पनि हाल्ने गरेको पाइएको छ । प्रहरी र अदालतले केटीको संरक्षण र स्वतन्त्रतामा सन्तुलन मिलाएर प्रत्येक वारदातलाई घटना विशेषका आधारमा फरक-फरक दृष्टिकोण राखेर व्यवहार गर्नुपर्ने हुन्छ ।

अन्तर्राष्ट्रिय दस्तावेजले नै वयस्क हुने उमेर १८ वर्षलाई मानेर सर्वस्वीकार्य भइसकेपछि हाम्रो सन्दर्भमा विवाहका लागि २० वर्ष उमेर हद गरी फरक गरिनुपर्नाको चित्तबुझ्दो कारण कतैबाट पाइएको छैन । एउटै कानुनले १८ वर्षदेखि २० वर्ष नपुगुञ्जेल यौनक्रिया गर्ने योग्य हुने तर विवाह गर्न चाहिँ अयोग्य हुने भन्ने कुरा अमिल्दो लाग्छ । व्यक्तिमा हुने शारीरिक र मानसिक विकासका आधारमा १२ वर्षमाथि १९ वर्ष किशोरवय (टिनएजर) भनिन्छ । जैविक प्रक्रियाले यो वयमा विभिन्न शारीरिक परिवर्तन, वृद्धि तथा विकास हुन्छ । यो काल शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक आयामले परिपक्वतातिरको लम्काइ भएकोले यौन र सम्बन्धका बारे कौतूहलता हुनु प्राकृतिक हो । एकअर्काप्रति आकर्षित हुने उमेर समूहका केटाकेटीविरुद्ध कानुन कठोर बन्दा अपराध नियन्त्रण हुनुको साटो गुणात्मक रूपले बढेको छ । विवाह कानुनी मात्र नभई शारीरिक र सामाजिक सम्बन्धसँग जोडिएको विषय हो । कानुनी उमेर नपुगी हुने विवाहबाट जन्मिएको शिशुको जन्मदर्ता, बाबुआमाको विवाह दर्ता र अंशको कुराले परिवारलाई अन्योलमा पारेको त छ नै, कानुन कार्यान्वयन गर्ने निकायहरू पनि अलमलमै छन् । जन्म र विवाह दर्ता नै नहुनु भनेको त अर्को समस्या सुरु हुनु हो ।

विवाहको उमेर बढाउनुको पक्षमा अपरिपक्क उमेरमा गरेको विवाहले विद्यालयको पढाइ छुट्ने, गर्भधारण गर्नाले जन्मने शिशु र आमाको स्वास्थ्यमा पर्ने प्रतिकूल असर, बालिका घरेलु हिंसाको चपेटामा पर्ने प्रवल सम्भावनाजस्ता तर्कहरू छन् । सहरका महिला, पुरुषमा पढाइ सकेर वा भविष्य सुनिश्चित बनाएर मात्र विवाह गर्ने कुरालाई ध्यानमा राखी 'बिहेवारी बीस वर्षपारि' भन्ने सहर र सम्भ्रान्त समूह केन्द्रित गरेर यो कानुन बनेको भन्नेहरू पनि छन् । यो कानुन महिला तथा पुरुष दुवै शारीरिक र मानसिक रूपमा परिपक्व भएपछि मात्र विवाह गर्न योग्य हुन्छन् भन्ने परिकल्पनामा आधारित छ । पारिवारिक एवं सामाजिक जिम्मेवारीको कोणबाट हेर्दा पनि विवाह गर्न कम्तीमा २० वर्ष पुग्नुपर्छ । अपरिपक्व उमेरमै विवाह गर्ने चलनलाई प्रश्रय दिनुभन्दा सामाजिक सचेतना बढाउनुमा जोड दिनु उचित हुन्छ ।

बुधबारे जेसीजले नयाँ नेतृत्व चयन गर्ने

बुधबारे (प्रस) । बुधबारे जेसीज २०२१ को अन्तिम बोर्ड बैठक आइतबार आफ्नै निर्माणाधिन सचिवालय भवनमा सम्पन्न भएको छ ।

अनिल वाग्लेको अध्यक्षतामा सम्पन्न बैठकले साधारणसभाको मिति तय गरेको छ। साधारणसभा मंसिर १५ देखि १७ गतेसम्म हुनेछ । इलामको पर्यटकीय क्षेत्र श्रीअन्तुमा शुरू हुने साधारणसभा १७ गते झापाको बुधबारेमा सम्पन्न हुनेछ । मंसीर १५ गते दिउँसो ३:४५ देखि ४ बजेसम्म मनोनयन दर्ताको समय तय गरिएको छ । सोही दिन

साधारणसभा उद्घाटन र क्यान्डिडेट तालिम हुनेछ । १७ गते ४ बजेदेखि झापाको बुधबारेमा साधारणसभाको बाँकी काम सुरू हुनेछ । क्यान्डिडेट तालिम कार्यकारिणी उपाध्यक्ष अर्जुन ढकाल र १७ गतेको साधारणसभा कार्यकारिणी उपाध्यक्ष कृष्ण ढकालको संयोजकत्वमा हुनेछ। २०२१ को अन्तिम बोर्ड बैठकमा हालसम्म बुधबारे जेसीजको गतिविधिमा सहयोग गर्ने व्यक्ति तथा संस्थालाई धन्यवाद प्रस्ताव पारित गरिएको छ भने भवन निर्माणका सहयोग गर्नु हुनेलाई पनि धन्यवाद व्यक्त गरिएको छ ।

वर्ष सन् २०२१ मा अनिल वाग्लेको अध्यक्षतामा बनेको टिमले हालसम्म ८० वटा कार्यक्रम सम्पन्न गरेको छ भने ती कार्यक्रम सम्पन्न हुन १० लाख रुपैयाँभन्दा बढी खर्च भएको जानकारी गराइएको छ । यसैवर्ष भवन निर्माण शुरू भएको छ। भवन निर्माणका लागि २० लाखबढीको सहयोग प्रतिबद्धता आएको छ। २४ वटा संस्थासँग वर्ष २०२१ मा सहकार्य गरिएको छ ।

बुधबारे जेसीज यो वर्ष ४ विधामा नेपाल जेसीजबाट पुरस्कृत भएको वाग्लेले जनाएका छन् । आइतवार सम्पन्न अन्तिम बोर्ड बैठकमा पूर्वअध्यक्ष सेमन्त पोखेल, हेमन्त बरालसहित बोर्ड पदाधिकारीको उपस्थिति थियो ।

अर्जुनधारा जलेश्वर धाममा मंसीर १० बाट महापुराण

अर्जुनधारा (प्रस) । कोरोना कहरपछि अर्जुनधारा जलेश्वर धामले ३९ औं वार्षिक अनुष्ठानको रुपमा यही मंसीर १० गतेबाट श्रीमद्भागवत महापुराण लगाउने भएको छ ।

गत वर्ष कोभिडका कारण बन्दाबन्दी रहँदा कोठे पुराणमा सीमित भए पनि भक्तजनहरुको उपस्थिति बाक्लै रहेको थियो । यस वर्ष तमाम् भक्तजनहरुको मागलाई ध्यानमा राख्दै सुरक्षा मापदण्ड अपनाएर श्रीमद्भागवत महापुराण, गंगा आरती, कोरोनाकालबाट दिवंगत भएकाहरुको मोक्षका लागि महायज्ञ गरिने धामले जनाएको छ । धामले यसअघि सञ्चालन गरेको 'भूमिदान, महादान' र धामको अक्षयकोषसँगै गुरुयोजना सम्पन्न गर्न र पुराणलाई आकर्षक बनाउन सम्पूर्ण दानबीरहरुसँग अनुरोध गर्ने समेत जनाएको छ ।

धामलाई नियमित रुपमा सञ्चालन गर्न अनुष्ठान नै मुख्य आयस्रोतको भएको र यस वर्ष हुने श्रीमद्भागवत पुराणमा पितृ उद्धारको कार्यक्रम रहेको जानकारी दिँदै सम्पूर्ण धर्मावलम्बीहरुमा उपस्थितिका लागि अनुरोध गरिएको छ ।

अनुष्ठानमा मनमोहक ढंगबाट गंगा आरती गरिने, पितृ मोक्षका लागि महायज्ञ गरिने भएको छ । त्यस्तै पुराणलाई रोचक बनाउनका लागि मुख्य वाचकमा सोमनाथ गौतम र उपवाचक चिरञ्जीवि ढुंगाना रहने धामका मुख्य पुजारी अग्नी सिग्देलले जानकारी दिए । अर्जुनधारा धाम समितिलगायत यसअघिका विभिन्न उपसमितिसहितको भेलाले पुराणलाई पूर्णता दिन र मापदण्ड अपनाएर सम्पन्न गर्न विभिन्न समिति निर्माण गरेको छ ।

३९ औं अनुष्ठानलाई भव्य र सभ्य बनाउनका लागि उपसमितिहरु गठन गरिएको छ । जसअनुसार कार्यालय व्यवस्थापनमा संयोजक नविन गट्टानी, सहसंयोजक शिवलाल खतिवडा, विष्णुप्रसाद भट्टराई, कृष्णप्रसाद भट्टराई, प्रचारप्रसारमा संयोजक रमेश

त्रिखत्री, सहसंयोजक भानु शिवाकोटी, दिपीन राई, अर्जुनधारा प्रेस क्लब अध्यक्ष कुमार भट्टराई, रमेश समदर्शी, अमित खम्बू, होमप्रकाश अधिकारी, बजार व्यवस्थापनमा शिवलाल खतिवडा, गणेश बस्नेत, चन्द्रप्रसाद सिटौला, टेकबहादुर कार्की, भूमिदान महाअभियानमा संयोजक अग्नीप्रसाद सिग्देल, शिवलाल खतिवडा, मनोज जोशी, भानु शिवाकोटी, प्रेमप्रसाद लुइटेल रहेका छन् ।

यसरी नै शान्ति सुरक्षामा संयोजक चित्रसेन भण्डारी, दिपक तामाङ, मूल मन्दिर व्यवस्थापनमा चन्द्रकला भण्डारी, रमा चापागाई, सुशिला सुवेदी, रामबहादुर श्रेष्ठ, अग्नीप्रसाद सिग्देल, गोपाल बुढाथोकी, भोला न्यौपाने, चन्द्र ओली र गंगा थापा रहेका छन् । यसरी नै खाद्य तथा स्टोरमा सुरेन्द्र साह, श्याम घिमिरे, भक्तबहादुर बस्नेत, गंगा थापा, सेवन्त ढुंगेल, आपूर्तिमा संयोजक श्याम घिमिरे, सुधिर बस्नेत, कोशी राई र गोपाल बुढाथोकी रहेका छन् । अर्थ तथा गल्ला परिचालनमा संयोजक मनोज जोशी, दिपक तामाङ, भानु शिवाकोटी, सत्यनारायण साह, बाबुराम कार्की, हरिभक्त बराल, कमल सुवेदी, महेश ढकाल, धाम संरक्षण सुपरीवेक्षणमा संयोजक लभकुश गिरी, सहसंयोजक सन्तनु ढकाल, किर्तन मण्डली तथा सांस्कृतिक कार्यक्रममा संयोजक कृष्णप्रसाद पौडेल, भवानी गौतम, देवीभक्त श्रेष्ठ रहेका छन् ।

यसरी नै गुरुकुल अक्षय कोषका लागि संयोजक मनोज जोशी, दिपक तामाङ, चित्रसेन भण्डारी, धान्याञ्चाल तथा चामल व्यवस्थापनमा संयोजक छविलाल शिवाकोटी, शान्तिप्रसाद चौहान रहेका छन् भने प्राथमिक स्वास्थ्य उपचार व्यवस्थापनमा संयोजक डा. दुर्गा भट्टराई, अनुशा कार्की, धनबीर यादव रहेको जनाइएको छ ।

त्यस्तै व्यास व्यवस्थापनमा संयोजक रमा चापागाई, मनोरथ शिवाकोटी, रामप्रसाद खतिवडा, व्यास तथा मण्डप श्रृंगार व्यवस्थापनमा संयोजक रामप्रसाद दवाडी, विनोद दाहाल, गंगा आरती व्यवस्थापनमा संयोजक अग्नीप्रसाद सिग्देल, भानु शिवाकोटी, गंगा आरती किर्तन मण्डली र यज्ञ मण्डप व्यवस्थापनमा संयोजक गंगा भट्टराई, भानु जोशी, हेमन्तप्रसाद भण्डारी रहेका छन् ।

त्यस्तै अतिथि सत्कारमा संयोजक नविन गट्टानी, अग्नीप्रसाद सिग्देल र सम्पूर्ण सल्लाहकार तथा धाम पदाधिकारीहरु, उद्घोषकमा अम्बिकाप्रसाद खतिवडा, भानु शिवाकोटी, चतुर्भुज काफ्ले, इन्दिरा दाहाल, उर्मिला दाहाल, यातायात व्यवस्थापन संयोजकमा भिमचन्द्र भट्टराई, इलाका ट्राफिक कार्यालय, शनिश्चरे ट्राफिक कार्यालय, पण्डाल तथा साउण्ड सेट व्यवस्थापनमा नविन गट्टानी, शिवलाल खतिवडा, चतुर्भुज काफ्ले रहेका छन् । धामका अध्यक्ष नविन गट्टानीको सभापतित्वमा भएको कार्यक्रममा पुराणको विषयलाई लिएर अन्तरक्रिया गरिएको थियो । अन्तरक्रियामा महेश ढकाल, चतुर्भुज काफ्ले, चन्द्रप्रकाश सिटौला, कृष्ण पौडेल, उर्मिला दाहाल, दिपीन राई, लभकुश गिरीलगायतले आ-आफ्ना विचार राखेका थिए ।

प्रेस युनियनका पत्रकारहरुको भेला

बिर्तामोड (प्रस) । झापाको बिर्तामोडमा भएको नेपाल प्रेस युनियनमा आवद्ध पत्रकारहरुको भेलामा सञ्चार क्षेत्रमा देखिएका समस्या, युनियनको महाधिवेशन, प्रेस युनियनमा आवद्ध पत्रकारहरुको अवस्था र नेपाली कांग्रेसको १४ औं महाधिवेशनअन्तर्गतका निर्वाचनमा युनियनमा आवद्ध सदस्यहरुको उपस्थितिलगायतका विषयमा छलफल भएको छ ।

नेपाल प्रेस युनियन झापाको आयोजना र महासचिव अजयबाबु शिवाकोटीको उपस्थितिमा सम्पन्न छलफलमा प्रेस युनियन झापाका अध्यक्ष इन्दु पूर्वेलीले शाखाले जिल्लामा गरेका केही महत्वपूर्ण कामका साथै कांग्रेसको १४ औं महाधिवेशनमा प्रेस युनियनले निर्वाह गरेको भूमिकालगायतका विषयमा जानकारी गराएका थिए । छलफलका सहभागीहरुले युनियनको महाधिवेशन नहुनुको कारणबारे खबरदारी गर्नुका साथै लोककल्याणकारी विज्ञापन उपलब्ध गराउने नाममा विज्ञापन बोर्डले सञ्चारमाध्यमहरुको थप तीन प्रतिशत रकम कटौती गरेकोबारे केन्द्रको मौनताबारे प्रश्न उठाएका थिए ।

चालु आर्थिक वर्ष शुरु भएसंगै सूचना विभागले दिदै आएको विज्ञापन, बोर्डमार्फत दिन थालिएको छ भने लोककल्याणकारी सूचना प्रकाशित गरेवापत सञ्चारमाध्यमहरुले पाउँदै आएको सुविधामा विज्ञापन बोर्डका नाममा थप ३ प्रतिशत रकम कटौती गरिएको छ। यसअघि सूचना विभागले उपलब्ध गराउँदै आएको सूचनालाई नै विज्ञापन बोर्डमार्फत उपलब्ध गराएर सञ्चार माध्यमले पाउँदै आएको सुविधा कटौती गर्नुले साना लगानीका सञ्चारमाध्यमहरुमा थप आर्थिक भार बढेको पत्रकार हरुले गुनासो गर्दै आएका छन् । विज्ञापन बोर्डले लोककल्याणकारी विज्ञापनका अतिरिक्त अन्य व्यावसायिक विज्ञापन उपलब्ध गराउनु पर्नेमा बोर्ड पदाधिकारी तथा सदस्यहरु सञ्चारमाध्यमकै रकम कटौती गरेर तलब र भत्ता खाएर बसेको सञ्चार गृह सञ्चालकहरुको आरोप छ । सहभागीहरुले सूचना विभागले उपलब्ध गराउँदै आएको

❖ बाँकी अन्तिम पृष्ठमा

स्वर्गद्वारी कृषि सहकारीको साधारणसभा सम्पन्न

भद्रपुर (प्रस) । झापाको भद्रपुर नगरपालिका - ८ स्थित स्वर्गद्वारी कृषि सहकारी संस्था लिमिटेडको आठौं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष गोपालबहादुर थापाको अध्यक्षता तथा कृषि विकास बैंक भद्रपुरका पूर्व प्रबन्धक प्रकाश दाहालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उपाध्यक्ष सुरेन्द्र खत्रीले स्वागत गरेका थिए।

कार्यक्रममा संस्थाका अध्यक्ष गौतमले सञ्चालक समितिको तर्फबाट आर्थिक वर्ष २०७७/०७८आयव्यय तथा २०७८/०७९को अनुमानित बजेटसहित प्रतिवेदन प्रस्तुत गरेका थिए।

प्रतिवेदन अनुसार संस्थाको शेयरपूँजी ३० लाख४७ हजार ९सय रुपैयाँ, वचत संकलन २करोड ७७ लाख ४ हजार ४सय४८रुपैयाँ, कर्जा लगानी १ करोड ६७ लाख ३८ हजार ७सय ७८ रुपैयाँ ,जम्मा आम्दानी ३५ लाख२८ हजार ५सय ५३ रुपैयाँ रहेको छ। संस्थाले गत आर्थिक वर्षमा कूल ५ करोड ६ लाख ४५ हजार ६ सय ९५ रुपैयाँको करोबार गरेको थियो ।

कार्यक्रममा शान्ति कृषि सहकारी संस्थाका अध्यक्ष देवीप्रसाद दाहाल,कानून व्यवसायी पवन कार्की,नेशनल लाइफ इन्सुरेन्स चन्द्रगढीका टीकाप्रसाद उप्रेतीलगायतले शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रमको सञ्चालन प्रकाश भण्डारीले गरेका थिए।

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

त्रिवेणी डिलक्स
ग १ ख ६९०९
छुट्ने समय
बिर्तामोडबाट ०६:२०
सुरुङ्गाबाट ०६:४०
दमकबाट ०७: १०
विराटनगरबाट १०:२०
इटहरी बाट ११:००
Contact No. 9826965309 / 9816008626

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation bhadrapur road, birtamode 023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट - पत्रपत्रिका - स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर (शनि मन्दिर छेउ) बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका, पार्टेशन, रूफिङ्ग, फल्स सिलिङ्ग, स्टिल रेलिङ लगायत सम्पूर्ण कामका लागि सँधै सम्झनुहोस।
बिर्तामोड-१, झापा
०२३-५४२४६१
९८४२६९६००३

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९२६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

राशिफल

ज्योतिस पं. लक्ष्मी सुवेदी
लक्ष्मीपुर, झापा
चिना, टिप्पन, वास्तु तथा ग्रहदशा, ज्योतिस तथा परामर्श सेवाको लागि सम्झनुहोला ।
सम्पर्क: ९८१६९१७७८७/९८१७०८१९९०

मेष वैदेशिक कार्य अघि बढ्नेछ । स्वास्थ्यमा सुधार पनि आउँला ।

वृष श्रमको उचित मूल्याङ्कन हुनेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ ।

मिथुन आज लाभ हासिल गर्न कुर्नुपर्नेछ । विपत्ति आइलाग्न सक्छ,सचेत रहनुहोला।

कर्कट कला र गलाको प्रभाव बढ्नेछ । जोश जाँगर र हिम्मत बढ्नेछ ।

सिंह आज आत्मिक सन्तुष्टि मिल्नेछ । शुभकार्यको चर्चा रहला ।

कन्या आज कुनै कुराले मनमा शान्ति छाउनेछ । प्रेममा मधुरता छाउला ।

तुला आज घर व्यवहारमा झमेला आउनसक्छ । मनमा दुबिधा उत्पन्न हुनेछ ।

तृश्चिक व्यापार व्यवसायमा प्रगति होला । रोजगारको अवसर पनि मिल्नेछ ।

धनु आफन्तको प्रगतिमा मन रमाउनेछ । विशिष्ट व्यक्तिबाट हौसला प्राप्त हुनेछ ।

मकर दिन मनोरञ्जनपूर्ण रहनेछ । सामाजिक कामको दायित्व बढ्नेछ ।

कुम्भ मेहनतीहरूका लागि दिन फलदायी नै रहनेछ । शुभकार्यको चर्चा चल्नेछ ।

मिन प्रेममा सफलता पाइनेछ । महिला वर्गबाट विशेष सहयोग पनि मिल्नेछ ।